रुपनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
☎०३१-४५००३५
रुपनी, सप्तरी
प्रदेश नं. २ नेपाल


## विषयः- विज्ञप्ती।

मितिः – २०७७/१०/०९

स्थानिय तहको निर्वाचन पछि रुपनी गाउँपालिका कार्यालयबाट कानुन विपरीत करार सेवामा ४० जना भन्दा बढी कर्मचारीहरु नियुक्ति गरी गाउँपालिकाको अनुदान दुरुपयोग तथा प्रशासनिक खर्च बढाएको र गाउँपालिकाको सूचना समेत लुकाउने गरेको भन्ने विषय सहित केही दिनयता संचारमाध्यम, फेसबुकपेज, फेसबुक तथा केही व्यक्ति विशेषबाट विभिन्न काल्पनिक भनाई तथा सत्यतथ्य भन्दा वाहिरका कपोकल्पीत र भ्रामक प्रचार गरिएको प्रति यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । स्थानिय तह घोषणा हुनुभन्दा अघावै नियुक्ति भई कार्यररत तथा सरुवा समायोजन भई आएका कर्मचारीहरु कै नामावली संलग्न गरी विषय र वास्तविकतालाई तोडफोड गरी गाउँपालिकाको निर्णयको विषय नबुझि गाउँपालिका अध्यक्ष लगायतको नाम जोडी आएका समाचार टिकाटिप्पणी एवंम अर्नगल प्रचार प्रति गाउँपालिका दुःख व्यक्त गर्दछ ।

दुई दशक लामो जनप्रतिनिधि विहिन अवस्था पार गर्दै स्थानिय सरकार गठन भई विगतमा जनप्रतिनिधि विहिन राज्य संयन्त्रले सिर्जना गरेका सर्वसाधारण र जनता विचको दुरीलाई कम गर्न स्थानिय सरकार संचालन ऐन, २०७४ वमोजिमको जिम्मेवारीलाई सफलता पूर्वक निर्वाह गरिरहेको सर्वविदितै छ । राज्यको मूलप्रवाहीकरण बाट बञ्चित भएका समुहलाई गतिशिल शासन पद्धतिमा समाहित भई गुणस्तरिय शिक्षा, सर्वसुलभ स्वास्थ्य, यातायात क्षेत्रको पँहुच, दीगो आवास, खाद्य सुरक्षा, गुणस्तरीय जीवनको प्रत्याभूति गर्दै प्रतिवद्ध भई लागि रहेकै छौं । संस्थागत विकास सुधार तथा शुसासन तर्फ सामाजिक सुरक्षा वैज्ञानिक प्रणाली मार्फत वितरण र सार्वजनिकीकरण अनलाईन प्रणाली मार्फत नगदी, जिन्सी तथा व्यक्तिगत घटना दर्ता लगायतका कार्यहरु भईरहेको र कार्यालयले प्रदान गर्ने सुचना जानकारी तथा हरेक गतिविधिहरु वेवसाईट फेसबुक मार्फत सार्वजनिक भईरहेको समेत जानकारी गराउदछौं । दरबन्दी अनुरुपको कर्मचारी व्यवस्थापन नहुदा समेत मौजुदा कर्मचारीहरुबाट ईमानदारिताका साथ कार्य सम्पादन भईरहेको छ । नेपाल सरकारको स्थानिय तहमा कर्मचारी व्यवस्थापनका लागि भएको व्यवस्था र गाउँपालिका मार्फत संचालन हुने तोकिए बमोजिमका विभिन्न कार्यक्रम संचालनका लागि तोकिएको पदहरु प्राप्त कार्यक्रम तथा कर्मचारी छनौट कार्यविधिमा भएको व्यवस्था वमोजिम नै अत्यावश्यक पद र तहमा मात्र करार सेवामा कर्मचारी भर्ना लिइएको र रिक्त पदहरु पदपूर्तिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत केन्द्रिय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगमा लेखी पठाईएको छ । आशा छ चाँडै पदपूर्ति भई पूर्णता पाउने छ ।

कर्मचारी नियुक्ति तथा सुचना प्रवाह नगरेको भन्ने आधारहिन प्रसँग सँग जोडेर समग्र गाउँपालिका र गाउँपालिका अध्यक्ष प्रति व्यक्तिगत लाञ्छना लगाउने जस्ता कार्य जीम्मेवार व्यक्ति समूह तथा पत्राकार समेतबाट सम्प्रेषित हुनु, प्रचार हुनु शोभनीय नहुने हुदाँ गाउँपालिका सँग सम्बन्धित सम्वेदनशील विषयका सुचना सम्प्रेषण, प्रकासन, प्रशारण गर्दा कार्यालयसँग सम्बन्धित विषयहरुको वास्तविकता र आधिकारिता वुझेर मात्र सम्प्रेषण गर्न गराउन हुन अनुरोध गर्दछौं । साथै यस्ता अन्य समाचार, फेसबुक समेतबाट प्रकासित तथ्य वाहिरका भ्रामक प्रचारको पछि नलाग्न गाउँपालिका वासीमा अनुरोध गर्दछौं । आधारहिन र तथ्यहिन टिकाटिप्पणी गर्ने गराउने व्यक्ति वा समूह सबैलाई आगामी दिनमा अर्नगल प्रचार नगर्न नगराउन अनुरोध गर्दै यी र यस्ता गतिविधि गरेगराए सम्बन्धित उपर कानुनी उपचार खोज्न समेत गाउँपालिका वाध्य हुने जानकारी गराउदछौं ।

धन्यवाद !

.............................
हरेराम यादव
गा.पा. अध्यक्ष

हरेराम यादव
अध्यक्ष

# रुपनी गाउँपालिकामा हाल करार सेवामा कार्यरत कर्मचारीहरुको विवरण

| विवरण | संख्या | कर्मचारीहरुको नामावली | पद | सरुवा / नियुक्ती / व्यवस्थापन | नियुक्ती मिति | तलव स्केल |
|---|---|---|---|---|---|---|
| गा.वि.स.देखि नै करारमा कार्यरत रहेका कर्मचारीहरु | १ | सरिता यादव | समाजिक परिचालक | जि.वि.स. कार्यालय सप्तरी | २०७१-०८-०१ | १५,०००.०० |
| | २ | होम नारायण यादव | समाजिक परिचालक | जि.वि.स. कार्यालय सप्तरी | २०७१-०८-०१ | १५,०००.०० |
| | ३ | सारदा कुमारी चौधरी | समाजिक परिचालक | जि.वि.स. कार्यालय सप्तरी | २०७१-०८-०१ | १५,०००.०० |
| | ४ | अमृत लाल चौधरी | समाजिक परिचालक | जि.वि.स. कार्यालय सप्तरी | २०७१-०८-०१ | १५,०००.०० |
| | ५ | प्रभा कुमारी पुलामी | समाजिक परिचालक | महिला तथा बालवालिक कार्यालय राजविराज | २०५७-०२-१२ | १५,०००.०० |
| | ६ | गिरधर कुमार मेहता | वडा सचिव | साविक गा.वि.स.तेरहौता | २०६७-०९-२९ | प्रचलित तलव स्केल |
| | ७ | धन्जित कुमार खडगा | ना.प.स्वा.प्रा. | कृषि तथा पशुपंक्षि मन्त्रालय | २०७३-१०-०२ | प्रचलित तलव स्केल |
| | ८ | सुन्दर कुमार सरदार | ना.प.स्वा.प्रा. | कृषि तथा पशुपंक्षि मन्त्रालय | २०७३-०२-१७ | प्रचलित तलव स्केल |
| | ९ | पुजा चौधरी | ना.प्रा.स. | कृषि तथा पशुपंक्षि मन्त्रालय | २०७३-०२-१५ | प्रचलित तलव स्केल |
| | १० | रामेश्वर मण्डल | का.स. | साविकजमुनी मधेपुरा गा.वि.स. | २०५८-१२-२९ | प्रचलित तलव स्केल |
| अन्य कार्यालयहरुबाट सरुवा सहमतीमा आएका कर्मचारीहरु | ११ | रमेश कुमार यादव | सब-ईन्जिनियर | शिक्षा कार्यालय बर्दिया | २०७४-१०-२९ | प्रचलित तलव स्केल |
| | १२ | प्रविण कुमार यादव | सब-ईन्जिनियर | शिक्षा कार्यालय राजविराज | २०६१-१०-१२ | प्रचलित तलव स्केल |
| | १३ | मिथिलेश कुमार यादव | वास संयोजक | जि.स.स.कार्यालय राजविराज | २०७२-१२-०८ | प्रचलित तलव स्केल |
| अन्य कार्यालयबाट पढाईएका कर्मचारीहरु | १४ | उपेन्द्र प्रसाद यादव | का.स. | कृषि कार्यालय राजविराज | २०७३-०३-१४ | प्रचलित तलव स्केल |
| | १५ | मो.सफिद मिया | हेरालु | जि.भु.संरक्षण राजविराज | | ५,०००.०० |
| | १६ | राजेश्वर प्रसाद यादव | रोजगार संयोजक | श्रम तथा रोजगार मन्त्रालय | २०७५-११-२६ | प्रचलित तलव स्केल |
| राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभाग बाट | १७ | धर्मदेव धामी थारु | MIS अपरेटर | गृह मन्त्रालय सिंहदरवार | २०७६-०९-०१ | प्रचलित तलव स्केल |

रेणुका शाह

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विज्ञापन गरि सिफारिस भएका कर्मचारी | १८ | ईन्द्र देव यादव | फिल्ड सहायक | गृह मन्त्रालय सिंहदरवार | २०७६-०८-०२ | प्रचलित तलव स्केल |
| गाउँपालिकाबाट विज्ञापन गरी छनौट भएका कर्मचारीहरु | १९ | काली प्रसाद यादव | पोषण स्वयम्सेवक | बहुक्षेत्रिय पोषण कार्यक्रम | २०७५-०६-१९ | १५,०००.०० |
| | २० | मंजय कुमार यादव | सुचना प्रविधि अधिकृत | LGCDP कार्यक्रम | २०७४-११-०२ | प्रचलित तलव स्केल |
| | २१ | भुपेन्द्र यादव | का.स. | | २०७५-०८-०१ | प्रचलित तलव स्केल |
| | २२ | पसुपति यादव | का.स. | | २०७४-१२-२५ | प्रचलित तलव स्केल |
| | २३ | सन्तोष कुमार चौधरी | का.स. | | २०७४-१२-२५ | प्रचलित तलव स्केल |
| | २४ | अर्जुन सिंह थापा मगर | का.स. | | २०७४-१२-२५ | प्रचलित तलव स्केल |
| | २५ | देव सुन्दर विश्वास | का.स. | | २०७४-१२-२५ | प्रचलित तलव स्केल |
| | २६ | बिरेन्द्र प्रसाद साह | का.स. | | २०७४-१२-२५ | प्रचलित तलव स्केल |
| | २७ | लक्ष्मण यादव | सवारी चालक | | २०७५-०४-०१ | प्रचलित तलव स्केल |
| | २८ | आशा कुमारी यादव | अ.न.मी | बर्थिङ्ग सेन्टर व्यवस्थापन | २०७५-०३-१० | प्रचलित तलव स्केल |
| | २९ | अस्मिता कुमारी सरदार | अ.न.मी | बर्थिङ्ग सेन्टर व्यवस्थापन | २०७५-०३-१० | प्रचलित तलव स्केल |
| | ३० | अन्जना कुमारी चौधरी | सहज कर्ता | लघु उधम विकास कार्यक्रम | २०७७-०९-०१ | प्रचलित तलव स्केल |
| सहिद परिवारबाट छनौट भएका कर्मचारी | ३१ | सुस्मा कुमारी यादव | समाजिक परिचालक | | २०७५-०२-०७ | १५,०००.०० |
| न्यायिक समितिको सिफारिस | ३२ | शंकर कुमार मिश्रा | कानुनी सल्हाकार | परामर्श सेवा | २०७५-०९-१० | २१,०००.०० |
| वडा कार्यालय तथा कार्यापालिका सदस्यहरुबाट सिफारीसमा नियुक्ती | ३३ | कृष्णा कुमार ईसर | अमिन | | २०७५-०१-०३ | प्रचलित तलव स्केल |
| | ३४ | विसुनदेब सरदार | पाले | | | ७,०००.०० |
| | ३५ | देव कृष्ण यादव | पाले | | २०७५-०५-१५ | ७,०००.०० |
| | ३६ | महेन्द्र मरिक | स्वीपर | | | ६,०००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सिफारीसमा नियुक्ती गरिएका कर्मचारीहरु | ३७ | रासलाल मरिक | स्वीपर | | | ४,०००.०० |
| | ३८ | असिस मरिक | स्वीपर | | | २,५००.०० |
| | ३९ | गुलेश्वरी मरिक | स्वीपर | | | २,०००.०० |

रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
२ नं.प्रदेश, नेपाल

रेणुका शाह
प्रमुख प्रशासकिय अधिकृत